जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १६५ २०८० साल माघ १७ गते बुधबार (31 Jan. 2024 Wednesday) मूल्य रु. ५/-

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सञ्चय कोषमा योगदानकर्ताका.. ३ पृष्ठमा : रेल्वेको तेस्रो खण्डको कामले ... ३ पृष्ठमा...सँग द्विपक्षीय सम्बन्ध सुदृढ..

## मोटरसाइकल चोरी गरेर फरार अभियुक्तहरु हतियार र लागु औषधसहित पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

राजविराज बजार क्षेत्रबाट मोटरसाईकल चोरी गरी फरार भएका अभियुक्तहरु हतियार र लागु औषध सहित पक्राउ परेका छन् ।

राजविराजस्थित एक बैंक अगाडीबाट मोटरसाइकल चोरी गरि फरार भएको घटनाको पाँच दिन पछि उनीहरु पक्राउ परेका हुन् । पक्राउ पर्नेहरुमा एक जना नेपाली र दुई भारतीय नागरिक छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेका अनुसार गत माग १२ गते स्थानीय सानीमा बैंक अगाडी पार्किङ्ग गरी राखिएको प्र २-०१-००१ प ८६१४ नम्बरको मोटरसाईकल तथा सोही दिन राजविराज स्थित पुरानो बसपार्कमा भएको चोरी घट्नाको सूक्ष्म अनुसन्धान थाल्दा अपराधी पक्रन सफलता मिलेको हो ।

उक्त चोरी घट्नाका मुख्य योजनाकार सप्तरीको महदेवा गाउपालिका १ ढिकली घर भई हाल राजविराज १ राजदेवी टोलमा वस्दै आएका २६ वर्षिय सुजित मण्डल रहेको प्रहरीको भनाइ छ । उनलाई अघिल्लो दिन मधेश प्रदेश ०६-००१ प.०७५७ नम्बरको मोटरसाइकल चढी बजार तर्फ आउदै गरेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो । सो क्रममा शरीर खानतलास गर्दा उनले लगाएको ज्याकेटको गोजी भित्रबाट १ थान कट्टुवा पेस्तोल र सोमा प्रयोग हुने १ राउण्ड गोली समेत फेला परेको प्रवक्ता नेउपानेले जानकारी दिए ।

मण्डलले चोरी गरेको मोटरसाईकल भने भारतमा लागी विक्री गरिसकेको स्वीकार्दै उक्त कार्यमा सीमावर्ती भारतको विहार राज्य मधुवनी ग्रामपंचायत फुलपरास ५ निवासी २७ वर्षिय रणवीर यादव र २६ वर्षिय विभश यादवले सघाएको बयान दिएपछि प्रहरीले ती दुबै जनालाई समेत पक्राउ गरेको छ ।

भारतीय नम्बर बि.आर.३२ एटी ०१३९ को मोटरसाइकल चढी नगरक्षेत्रमा प्रवेश गरेका रणवीर विभशलाई पनि प्रहरीले पक्राउ गरेको उनले जानकारी दिए । सो क्रममा विभशको साथबाट प्रतिबन्धीत लागु औषध गाँजा ६ सय २ ग्राम समेत फेला परेको प्रहरीको भनाइ छ ।

पक्राउ परेका तीनै जनामाथी खरखजाना, लागु औषध तथा चोरी मुदामा मंगलवार सप्तरी जिल्ला अदालतबाट म्याद थपी घटनाबारे थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## कर्मचारी सहिदको शालिकमा माल्यार्पण



**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

सहिद दिवसको अवसरमा मंगलबार कर्मचारी सहिद प्रभु नारायण यादवको शालिकमा माल्यार्पण गरि श्रद्धाञ्जली दिइएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झा न्याय क्षेत्र समन्वय समितिमा मनोनित



**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

उच्च अदालत जनकपुर-राजविराज इजलासले न्याय क्षेत्र समन्वय समितिको सदस्यमा नागरिक समाजको तर्फबाट प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झालाई मनोनयन गरेको छ ।

राजविराज ७ निवासी ६५ वर्षिय झा सप्तरी पत्रकार महासंघका पूर्व सभापती समेत हुन् । निमित्त रजिष्टार फनिन्द्र भट्टराईका अनुसार मुख्य न्यायधिश बामदेव ज्ञावलीद्वारा मंगलवार झालाई उक्त पदमा मनोनयन गरिएको हो ।

अदालत र मातहतका न्यायिक निकायहरुको काम कारवाही सुव्यवस्थित ढंगले संचालन गराउन, न्यायपालिकाको रणनीति योजना, फैसला र आदेशको कार्यान्वयनलाई प्रभावकारीता दिन र नागरिक समाज समेतको सहभागिता र समन्वय गर्न उच्च अदालत नियमावली २०७३ को नियम १६६ बमोजिम झा लाई मनोनयन गरिएको अदालतले जनाएको छ ।

गोरखा दक्षिणबाहु चौथो, जनसेवाश्री पदक पाँचौं, प्रकाश

*बाँकी अन्तिम पृष्ठमा*


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## सामाजिक सञ्जाल प्रयोगकर्तालि ध्यान दिऔं

- बेनामी वा छद्मवेशी पहिचान सिर्जना गरी कुनै पनि विषयवस्तु उत्पादन, शेयर वा टिप्पणी नगरौं,
- मिथ्या, भ्रमपूर्ण सूचना, घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने खालका अभिव्यक्ति, श्रव्य दृश्य सामग्री, तस्वीर शेयर नगरौं,
- बहुविवाह, बालविवाह, मानव बेचबिखन र छुवाछुतजस्ता कानूनले वर्जित गरेका विषय वा क्रियाकलाप गर्न प्रोत्साहन नगरौं,
- अरुलाई होच्याउने अपमान गर्नेजस्ता कार्य सामाजिक सञ्जालबाट नगरौं,
- निजी प्रकृतिका फोटो भिडियो अनुमति बेगर छायांकन, प्रकाशन तथा प्रसारण नगरौं,
- अश्लिल शब्द तस्विर, श्रव्य, दृश्य, एनिमेसन प्रकाशन प्रसारण नगरौं,
- बालयौन शोषण, यौन दुर्व्यवहार, देहव्यापारलगायतका क्रियाकलापलाई प्रोत्साहन नगरौं,
- विमत्स तस्वीर, भिडियो अपलोड र शेयर नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### छुवाछुत निर्मुल भएन्, कानुन कार्यान्वयनमा फितलो

छुवाछुत निमूल पार्ने कानुन बनेपनि त्यसको कार्यान्वयन पक्ष भने अझै फितलो रहेको छ । जबसम्म कानुनको पालन प्रत्येक नागरिकले गर्दैन वा कानुनको पालना सही ढंगले हुँदैन तबसम्म यस्ता छुवाछुत कायमै रहन्छ । जातिय छुवाछुत सम्बन्धी कानुन निर्माण भएपनि कागजमै सीमित रहेको छ ।

छुवाछुत कुण्ठित मानसिकताको उपज हो । मानिसहरुले आफ्नो मन मस्तिष्कबाट हटाउन सक्दैनन् तबसम्म यो चलिरहन्छ । अहिले छुवाछुत जातजातीबाट सुरु भएर सानो ठूलो, धनी गरिब तथा वर्ण रुपमा समेत सरेको पुगेको छ । मानिस रंग रुप कालो र गोरो भएमा पनि कालोले गोरोलाई र गोरोले कालोलाई हेप्ने गरेको देखिन्छ । अहिले छुवाछुतले समाजमा नराम्रो असर पारेको छ । सबैभन्दा बढी समाजमै हुने गरेको यस्तो प्रवृतीले मानिसहरु एक ठाउँबाट अर्को ठाउँमा स्थान्तरण हुन बाध्य भएका छन् । नेताहरुले भाषण मात्र नगरि यस्ता विकृतीलाई हटाउन समाजिक स्तरमा चेतनामूलक कार्यक्रमलाई अगाडी बढाउन सहयोग गर्नुपर्छ ।

यस्ता प्रवृतीलाई कानुनका साथै सामाजिक रुपमा समेत बहिष्कार गर्न सकिएन भने यसले अझ विक्राल रुप लिने कुरामा दुई मत नहोला । तसर्थ यस्तो प्रवृतीलाई सक्दो जडैबाट हटाउन नसकिए पनि न्युनिकरणका लागि तीनै तहका सरकार गम्भिर हुनु आवश्यक छ ।

# सञ्चय कोषमा योगदानकर्ताका दम्पतीले पनि उपचार खर्च पाउने

काठमाडौँ, १६ माघ (रासस) ।

कर्मचारी सञ्चय कोषले आफ्ना योगदानकर्तालाई उपलब्ध गराउँदै आएको स्वास्थ्योपचार सेवाको दायरा विस्तार गरेको छ । आगामी फागुन १ गतेबाट लागू हुनेगरी योगदानकर्ताका दम्पतीले पनि स्वास्थ्योपचार पाउनेगरी दायरा विस्तार गर्न लागिएको कोषले जनाएको छ ।

कोषले २०७६ सालदेखि सञ्चयकर्तालाई अस्पताल भर्ना भई उपचार गरिएको साधारण रोगको हकमा प्रत्येक वर्ष अधिकतम रु एक लाखसम्म र घातक रोगको हकमा सेवा अवधिभर अधिकतम रु १० लाखसम्म स्वास्थ्योपचार सुविधा उपलव्ध गराउँदै आएको छ ।

अहिले यो कार्यक्रमको दायरा विस्तार गरी सञ्चयकर्ताको पति वा पत्नीसमेतलाई समावेश गर्ने व्यवस्था मिलाइएको कोषका प्रशासक जितेन्द्र धितालले राससलाई जानकारी दिनुभयो । "यसअघि सञ्चयकर्तालाई मात्र उपलब्ध गराउँदै आइएको उक्त योजनामा २०८० फागुन १ गतेदेखि लागू हुनेगरी सञ्चयकर्ताको पति वा पत्नीलाई समेत समावेश गरिएको छ", उहाँले भन्नुभयो, "सञ्चयकर्ताको परिवारमा थप राहत पुग्ने अपेक्षासहित यो सुविधाको दायरा विस्तार गरिएको हो ।"

गत पुसमा 'कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा योजना सञ्चालन विनियम, २०८०' स्वीकृत भएसँगै स्वास्थ्योपचार सुविधा विस्तारको बाटो खुलेको थियो । फागुन १ गतेदेखि कार्यान्वयनमा जाने विनियमावलीले स्वास्थ्योपचार गर्दा शोधभर्ना पाउने अस्पतालहरूको सूचीमा पनि संशोधन गरेको प्रशासक धितालले बताउनुभयो । विनियमको सूचीमा समेटिएका अस्पतालहरूमा उपचार गराएको हकमा मात्र कोषबाट स्वास्थ्योपचार सुविधा उपलब्ध गराइनेछ ।

हाल सञ्चयकर्तालाई जुनसुकै अस्पतालमा उपचार गराउँदा शोधभर्ना उपलव्ध गराउँदै आएकामा अबदेखि सबै केन्द्रीय, प्रादेशिक, जिल्ला तथा पालिकास्तरका सरकारी अस्पताल तथा सरकारी स्वास्थ्य केन्द्रहररू, नेपाल सरकारको स्वामित्वमा सञ्चालित अस्पताल, सबै शिक्षण अस्पतालबाट यो सुविधा उपलब्ध हुनेछ । साथै बिनियमको अनुसूचीमा उल्लेखित एक सय २० वटा अस्पतालमा उपचार गराएको अबस्थामा मात्र शोधभर्ना उपलव्ध हुने कोषले जनाएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गत मङ्सिरमा 'विपन्न नागरिक औषधोपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८०' जारी गर्दै विपन्न नागरिकलाई बिभिन्न आठ प्रकारका घातक रोगको उपचारका लागि देशभरिका एक सय २० वटा अस्पताल तोकेको थियो ।

सञ्चय कोषले पनि तिनै अस्पतालमा उपचार गराएमात्र उपचार रकम शोधभर्ना दिने व्यवस्था ल्याएको हो । त्यस्तै यसअघि नेपालमा उपचार सम्भव नभएको अवस्थामा भारतका अस्पतालमा गएर उपचार गर्ने योगदानकर्तालाई पनि कोषले शोधभर्ना दिने गरेकामा हाल त्यस्तो व्यवस्थासमेत हटाइएको प्रशासक धितालले बताउनुभयो ।

कर्मचारी सञ्चय कोषको स्वास्थ्योपचार सुविधाअन्तर्गत रोगलाई साधारण रोग र प्राणघातक रोगका रूपमा वर्गीकरण गरी सोहीअनुसार शोधभर्ना रकम निर्धारण गरिएको छ । साधारण रोगको हकमा एक आर्थिक वर्षमा अधिकतम रु एक लाखसम्मको स्वास्थ्योपचार सेवा उपलब्ध गराइँदै आएको छ भने विभिन्न १२ प्रकारका प्राणघातक रोगको हकमा सेवा अवधिभर अधिकतम रु १० लाखसम्मको स्वास्थ्योपचारको शोधभर्ना कोषले दिइरहेको छ । क्यान्सर, हृदयघात, मस्तिष्कघात, मिर्गौला, हेड इन्जुरी, स्पाइनल इन्जुरी, प्यारालाइसिस, पार्किन्सन्स, सिकलसेल एनिमिया, अल्जाइमर्सलगायतका बाह्र प्रकारका रोगलाई घातक रोगका रूपमा बर्गीकरण गरिएको छ ।

स्वास्थ्योपचार रकमको शोधभर्ना दाबीका लागि अस्पताल भर्ना भएको मितिमा कम्तीमा छ महिना कोषकट्टी भएको हुनुपर्नेछ । त्यस्तै अस्पतालबाट डिस्चार्ज भएको मितिले दुई महिनाभित्र दाबी पेस गरिसक्नुपर्नेछ । बिरामीको मृत्यु भएको हकमा दाबीको म्याद तीन महिना हुने व्यवस्था कोषले गरेको छ ।

कोषले २०७० सालदेखि स्वास्थ्योपचार सुविधा कार्यान्वयनमा ल्याएको थियो । विसं २०७५ मङ्सिरदेखि राष्ट्रिय बीमा कम्पनी लिमिटेडमार्फत शोधभर्ना दिने व्यवस्था गरिएकामा २०७६ मङ्सिरदेखि यसलाई परिमार्जन गरी कोष आफैँले नै स्वास्थ्योपचार कार्यक्रम व्यवस्थापन गर्दै आएको छ । आगामी फागुन १ गतेदेखि स्वास्थ्योपचारसहितको कोषले हाल सञ्चालन गरिरहेको सबै सामाजिक सुरक्षा कार्यक्रम एकीकृत विनियमबमोजिम सञ्चालन हुनेछन् । कोषले आफ्नै स्रोतबाट सञ्चयकर्तालाई कुनै व्ययभार नपर्नेगरी बिभिन्न कोष खडा गरी सञ्चयकर्ताको हितमा यस्ता सुविधा प्रदान गर्दै आएको जनाएको छ ।

गत आर्थिक वर्ष २०७९/८० मा यो योजनाबाट कोषले दुई हजार चार सय ५७ सञ्चयकर्तालाई रु १६ करोड ६७ लाख रकमबराबरको स्वास्थ्योपचार सेवा उपलब्ध गराएको थियो । यसमध्ये साधारण रोगबापत एक हजार नौ सय १७ जना सञ्चयकर्तालाई रु सात करोड सात लाख र प्राणघातक रोगबापत पाँच सय ४० सञ्चयकर्तालाई रु नौ करोड ६० लाखबराबर शोधभर्ना रकम भुक्तानी भएको कोषले जनाएको छ ।

चालु आव २०८०/८१ को पुस मसान्तसम्ममा स्वास्थ्योपचार योजनातर्फ दुई हजार छ सय ८२ जना सञ्चयकर्तालाई रु १५ करोड ५६ लाखबराबर स्वास्थ्योपचार सेवा प्रदान गरिएको छ । यसमध्ये साधारण रोगबापत दुई हजार दुई सय १२ सञ्चयकर्तालाई रु आठ करोड १२ लाख तथा घातक रोगबापत चार सय ७० सञ्चयकर्तालाई रु सात करोड ४४ लाखबराबर शोधभर्ना भुक्तानी भएको हो ।

त्यस्तै कोषले गत आवमा काजकिरिया अनुदान योजनातर्फ सात सय ९० जना सञ्चयकर्तालाई रु तीन करोड १६ लाख र सुत्केरी तथा शिशु स्याहार योजनातर्फ १९ हजार ८७ जना सञ्चयकर्तालाई रु १४ करोड ३२ लाख भुक्तानी गरेको छ । दुर्घटना क्षतिपूर्ति योजनातर्फ एक सय ६४ जना सञ्चयकर्तालाई रु तीन करोड २८ लाख भुक्तानी भएको पनि कोषले जनाएको छ ।

चालु आवको छ महिनामा काजकिरिया अनुदान योजनातर्फ तीन सय ४६ जना सञ्चयकर्तालाई रु एक करोड ३९ लाख, सुत्केरी तथा शिशु स्याहार योजनातर्फ नौ हजार छ सय ९१ जना सञ्चयकर्तालाई रु सात करोड २७ लाख र दुर्घटना क्षतिपूर्ति योजनातर्फ ५६ जना सञ्चयकर्तालाई रु एक करोड १२ लाख भुक्तानी भएको छ ।

# एक सय ४० उद्योग बन्द

चितवन, १६ माघ (रासस) ।

घरेलु तथा साना उद्योग कार्यालय चितवनमा दर्ता भई सञ्चालनमा रहँदै आएका एक सय ४० वटा उद्योग बन्द भएका छन् । कार्यालयका अनुसार चालु आवमा ती उद्योग बन्द गर्नका लागि कार्यालयमा निवेदन परेको हो ।

कार्यालयका सूचना अधिकारी नारायणप्रसाद खनालका अनुसार ३१ वटा उत्पादनमूलक, ५५ वटा कृषि तथा बनजन्य, २० वटा पर्यटनमूलक र ३४ वटा सेवामूलक उद्योग बन्द भएका छन् । सोही समयमा ४० वटा उद्योगले नामसारी गरेका छन् । खरिदबिक्रीपछि नाम सारी गरिएको उहाँले बताउनुभयो । ११ वटा उद्योगले ठाउँसारी गरेका छन् ।

चालु आर्थिक बर्षको पुस मसान्तसम्ममा दुई सय ५८ वटा उद्योग दर्ता भएका छन् । साना उद्योगतर्फ ती फर्महरू दर्ता भएका हुन् । गत बर्षको तुलनामा यस बर्ष उद्योग दर्ता हुने क्रम न्यून र बन्द हुने तथा बिक्री हुने क्रम तीब्र भएको पाइएको उहाँले बताउनुभयो ।

सोही समयमा व्यावसायिक फर्महरू एक सय ८१ वटाको लगत कट्टा गरिएको छ । १३ वटाको नामसारी र २२ वटाको ठाउँसारी गरिएको उहाँले जानकारी दिनुभयो । व्याबसायिक फर्मतर्फ दुई सय ७३ वटा नयाँ दर्ता भएका छन् । गत आर्थिक बर्ष २०७९/८० मा व्यवसाय बन्द गर्नेको सङ्ख्या चार सय ३४ रहेको थियो ।

यस्तै ३८ वटाले ठाउँसारी गरेका थिए । गत आर्थिक बर्ष २०७९/८० मा दुई सय ६९ वटा उद्योग बन्द भएका थिए । उहाँका अनुसार गत आर्थिक बर्षमा आठ सय ५९ वटा उद्योग दर्ता भएका थिए । सो बर्ष नामसारीका लागि ६३ वटा उद्योगका सञ्चालकहरूले निवेदन दिएका थिए भने ३४ वटाले स्थान परिवर्तन गरेका थिए ।

बैदेशिक रोजगारीका लागि कम्पनी दर्ता गरेर आयआर्जन देखाउने र प्रयोजन सकिएपछि कम्पनी बन्द गर्न आउनेको सङ्ख्या बढ्दो रहेको उहाँले बताउनुभयो । उद्योग सञ्चालन गर्ने तर यहाँ आम्दानी नभएपछि बिदेश जानका लागि बन्द गर्नेहरूको सङ्ख्या उच्च रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पाँच लाखसम्मको उद्योग वा व्यापारिक फर्महरू पालिकामा दर्ता हुने यहाँ बन्द गराएको पाइन्छ ।" आर्थिक मन्दी, कोरोना असरका कारण समेत साना उद्योगहरू बन्द हुने अवस्थामा पुगेको उहाँले बताउनुभयो ।

कार्यालयमा दर्ता हुन आउने उद्योगहरू अधिकांश महिलाका नाममा दर्ता हुने गरेका छन् । राजस्वमा ५० प्रतिशत छुट हुने भएकाले महिलाका नाममा दर्ता गर्नेहरूको सङ्ख्या बढेको खनालले जानकारी दिनुभयो । चालु आर्थिक बर्षमा एक सय ३३ जना महिला उद्यमीले उद्योग दर्ता गराउँदा पुरुषका नाममा एक सय ११ वटा दर्ता भएका छन् ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# रेल्वेको तेस्रो खण्डको कामले गति लिँदै

महोत्तरी, १६ माघ (रासस)।

भारतको जयनगरदेखि महोत्तरीको बर्दिबाससम्म जयनगर बर्दिबास रेल्वेको तेस्रो खण्डको काम थालिएको छ। जयनगरदेखि धनुषाको कुर्था र कुर्थादेखि महोत्तरीको भङ्गाहासम्म क्रमशः पहिलो र दोस्रो खण्डको काम सकिएर सेवा प्रारम्भ भएपछि नेपाल रेल्वे कम्पनीले यो आयोजनाको तेस्रो खण्डको काम थालेको हो।

तेस्रो खण्डमा भङ्गाहादेखि बर्दिबाससम्म १७ किलोमिटर दूरीमा अहिले काम थालिएको छ। जम्मा ६९ किलोमिटरको यो आयोजनालाई तीन खण्डमा विभाजन गरिएको थियो। पहिलो जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर र दोस्रो कुर्थादेखि भङ्गाहासम्म १७ किलोमिटर दूरीसहित जम्मा ५२ किमीभित्र निर्माण सम्पन्न भएर हाल रेल सेवा सञ्चालनमा ल्याइएको छ। दुई खण्डको काम सकिएर सेवा सञ्चालनमा ल्याएपछि अब तेस्रो खण्डको काम थालिएको हो।

तेस्रो खण्ड (भङ्गाहादेखि बर्दिबास खण्ड)को १७ किमी दूरीभित्रको कामको प्रारम्भिक चरणमा मुआब्जा वितरण अन्तिम चरणमा पुगेको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक नीरञ्जन झा बताउनुहुन्छ। "तेस्रो खण्डको मुआब्जा वितरण अन्तिम चरणमा छ," उहाँ भन्नुहुन्छ, "मुआब्जा वितरण सकिनासाथ निर्माण कार्य अघि बढ्छ।" यस खण्ड (तेस्रो खण्ड) मा पर्ने एक सय २३ बिघा जग्गामध्ये ८० प्रतिशतभन्दा बढीको मुआब्जा वितरण भइसकेको कम्पनीले जनाएको छ। तेस्रो खण्डमा महोत्तरीका भङ्गाहा र बर्दिबास (साबिक किसाननगर र बर्दिबास गाविस) एवं धनुषाको मिथिला (साबिक बेङ्गाडावर गाविस) नगरपालिकाका जग्गा पर्छन्।

यस खण्डमा मुआब्जा दिएर अधिग्रहण गरिएका जग्गामा अहिले सर्वेक्षण गरिँदैछ। भारत सरकारको सहयोगमा निर्माण भइरहेको यो आयोजनाको तेस्रो खण्डमा अहिले नेपाल भारतका प्राविधिकको संयुक्त टोलीले सर्वेक्षणका काम गरिरहेका महाप्रबन्धक झाको भनाइ छ। यस खण्डमा परेका जग्गाभित्रका संरचना र बालीनाली खाली गर्न सम्बद्ध यसअघिका जग्गाधनीलाई सूचना जारी भइसकेको र त्यसअनुसार घरबाहेकका धेरैजसो जग्गा खाली भएका छन्। अब घरसहित संरचना भएका ठाउँको मुआब्जा दिएर खाली गराइने छ।

सन् २०१० मा तत्कालीन राष्ट्रपति डा रामवरण यादवको भारत भ्रमणका क्रममा भएको द्विपक्षीय सम्झौताअनुसार यहाँ रेल्वे सेवा विस्तारको काम थालिएको हो। सोअनुसार पहिलो खण्डमा विसं २०७८ चैत ११ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा उद्घाटन गरेपछि जयनगरबाट कुर्थासम्म ३५ किलोमिटर रेल सेवा सञ्चालनमा आएको थियो।

त्यतिखेर राष्ट्रपति डा यादवको भारत भ्रमणका अवसरमा जयनगरदेखि बर्दिबास, भारतको पश्चिम बङ्गालको जलपाइगोडीदेखि काकडभिट्टा, भारतको विहारमा पर्ने बथनाहादेखि विराटनगरसम्म, भारतको उत्तरप्रदेशको नौतनमादेखि भैरहवासम्म र भारतको उत्तरप्रदेशकै रुपैडिहादेखि नेपालगञ्जसम्मको सेवा विस्तार गरिने सम्झौता भएको थियो। जयनगर बर्दिबास रेल्वे विस्तारको निर्माण भारतीय सरकारको स्वामित्वमा रहेको इकन कम्पनीले गर्दैछ। यी रेल्वे सेवा विस्तारका लागि नेपाल सरकारले जग्गा उपलब्ध गराएको छ।

सम्झौतामा नेपालले जग्गा उपलब्ध गराउने उल्लेख भएअनुसार जग्गाको मुआब्जा नेपाल सरकारले दिँदै आएको छ भने निर्माण कार्य सम्झौताअनुसार भारत सरकारले गर्दै आएको छ।

# 'पदाधिकारीहरुको सुविधा थप्नु अनुपयुक्त'

मोरङ, १६ माघ (रासस)।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले कोशी प्रदेशसभाका पदाधिकारीहरुलाई भौतिक सुविधा थप्ने कुरा उपयुक्त नभएको बताउनु भएको छ।

कोशी प्रदेश सरकारले प्रदेशसभाका पदाधिकारीहरुको सुविधा थप्ने तयारी गरेको भन्ने समाचार आएपछि कांग्रेसका नेता डा कोइरालाको यो प्रतिक्रिया आएको हो।

'समुदायमा कांग्रेस' अभियानअन्तर्गत मंगलबार विराटनगर महानगरपालिका-७ मा आयोजित कार्यक्रममा उहाँले प्रदेश सरकारले जनताका आधारभूत सुविधा थाप्ने हो तर आफ्नो सेवा सुविधा बढाउने होइन भन्नुभयो।

यसरी आफैँले आफ्ना लागि सुविधा थप्ने काम गर्दा मुलुकमा लोकतन्त्र नेताहरुलाई मात्र आएको सन्देश जाने भएकाले लोकतन्त्रको फल नागरिकले पनि पाउनेगरी काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

कांग्रेस नेता डा कोइरालाले नेपाली कांग्रेस पार्टी समुदायमा पुगेर जनभावना बुझेर आगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। पार्टीभित्र देखिएका कमीकमजोरीलाई सच्याउँदै अघि बढ्नुपर्ने र कांग्रेस देशका कुनाकाप्चासम्म तथा हरेक नेपालीका घरमा पुग्नुपर्ने बताउनुभयो।

उहाँले अर्को एक प्रसङ्गमा उहाँले स्थानीय सिङ्िया खोलाको बाढी नियन्त्रण गर्न अस्थायी तटबन्ध र करिडोर निर्माण गरी स्थायी समाधान खोजिने आश्वासन पनि दिनुभयो।

विराटनगर महानगरपालिकाले जापानी सहयोग संस्था जाइकासँग गरेको सम्झौताले यस नगर क्षेत्रका नागरिकलाई स्वच्छ पानी उपलब्ध हुने विश्वास पनि व्यक्त गर्नुभएको थियो।


डाक्नेश्वरी नगरपालिका
Dakneshwori Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पातो, सप्तरी
Pato, Saptari

website: dakneshworimun.gov.np
email: info@dakneshworimun.gov.np
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

प.स.: २०८०/०८१
च.न.:

मिति: २०८०|१०|१५

**विषय: शिलबन्दी दररेट पेश गर्ने सम्बन्धी सूचना।**

उपरोक्त सम्बन्धमा यस कार्यालयको लागि तपशिल बमोजिम सामग्री तथा बस्तुहरुको खरिदका लागि मिति २०८०|१०|२१ गते भित्र सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ को अधिनमा रही नियमपूर्वक ईच्छुक प्रा.लि./फर्म/कम्पनी/व्यक्तिले सरसमानहरुको सूचीमा उल्लेखित स्पेशिफिकेशन अनुसार फर्म ईजाजत तथा आब. २०७८/०७९ को नबिकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र समेत राखी मु.अ.कर बाहेकको दररेट पेश गर्न हुन अनुरोध छ।

**तपशिल:**

१. आ.ब. २०८०/०८१ को लागि फुटकर जिन्सी सामानको दररेट पेश गर्ने
२. आ.ब. २०८०/०८१ को लागि मोटरसाईकल मर्मत सम्भार तथा सर्भिसिङ्ग सिलबन्दी दररेट पेश गर्ने

***नोट: दर रेटको फारम यस नगरपालिकाको Website: www.dakneshworimun.gov.npबाट Download गरी फारम प्राप्त गर्न सक्नु हुनेछ।***

.................................
कुन्दन कुमार कर्ण
प्रमुख प्रशासकीय अधिकृत


## विश्व समाचार

### इरानसँग द्विपक्षीय सम्बन्ध सुदृढ गर्ने पाकिस्तानी प्रधानमन्त्रीको प्रतिबद्धता

इस्लामावाद, १६ माघ (रासस/सिन्ह्वा)।

पाकिस्तानी प्रधानमन्त्री अनवर-उल-हक काकरले इरानसँगको द्विपक्षीय सम्बन्धलाई थप सुदृढ पार्न आफ्नो देशको दृढ प्रतिबद्धता दोहोऱ्याउनु भएको छ।

इरानका विदेशमन्त्री होसेन अमिर अब्दुल्लाहियानसँगको भेटमा प्रधानमन्त्री काकारले अन्तरराष्ट्रिय कानून र संयुक्त राष्ट्रसङ्घको बडापत्रका सिद्धान्त विशेष गरी दुवै देशको क्षेत्रीय अखण्डता र सार्वभौमसत्ताको सम्मानमा आधारित सहकार्य र सहयोगात्मक दृष्टिकोणबाट साझा चुनौतीहरूलाई सम्बोधन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको छ।

त्यस्ता कूटनीतिक सिद्धान्तको महत्त्वलाई उजागर गर्दै पाकिस्तानी प्रधानमन्त्रीले दुवै राष्ट्रको सार्वभौमसत्ता अक्षुण्ड राख्न र स्थापित अन्तरराष्ट्रिय मान्यताको सम्मान गर्दै साझा प्रतिबद्धताको महत्वलाई जोड दिनुभएको बताइएको छ। साथै उहाँले इरानी राष्ट्रपति इब्राहिम रायसीलाई सकेसम्म चाँडो पाकिस्तान भ्रमण गर्न निमन्त्रणा पनि दिनुभएको छ।

### भारतीय नौसेनाद्वारा १९ जना पाकिस्तानीको उद्धार

नयाँदिल्ली, १६ माघ (रासस/एनएनआई)।

भारतीय नौसेनाको युद्धपोत आइएनएस सुमित्राले सोमालियाको पूर्वीतटबाट जाँदै गरेको इरानी माछा मार्ने जहाज अल नईमीमा समुद्री डकैतीको प्रयासलाई विफल बनाएको छ। साथै सोमबार १९ जना पाकिस्तानी नागरिकलाई सफलतापूर्वक उद्धार गरेको भारतीय नौसेनाले विज्ञप्तिमा जनाएको छ।

सोमाली समुद्री डाकुबाट इरानी झण्डा बोकेको माछा मार्ने जहाज एफभी इमानलाई बचाई भारतीय नौसेनाले उद्धार गरेको जनाएको छ। सोमालियाको पूर्वी तट र एडनको खाडीमा समुद्री डकैती विरोधी कारबाहीमा १७ जना चालक दलका सदस्य सहभागी थिए।

भारतीय नौसेनाका अनुसार युद्धपोत आइएनएस सुमित्राले सङ्कटग्रस्त जहाजलाई रोकी माछा मार्ने जहाज पत्ता लगाएको थियो। बन्धक बनाइएका १९ पाकिस्तानी राष्ट्रिय चालक दलका सदस्यलाई उद्धार गरिएको छ।

युद्धपोतले डुङ्गासहित चालक दलका सदस्यको सुरक्षित रिहाइका लागि समुद्री डाकुलाई बाध्य पारी डुङ्गासहित सबै १९ जनाको रिहाइ गरेको छ। आईएनएस सुमित्राले ३६ घण्टाको अथक प्रयासबाट कोचीबाट करिब आठ सय ५० एनएम पश्चिम दक्षिणी अरब सागरमा ३६ चालक दल (१७ इरानी र १९ पाकिस्तानी)सहित दुई अपहरण गरिएका माछा मार्ने जहाजसमेत उद्धार गरेको छ।

### राजनीतिक दलको घोषणापत्रमा आर्थिक दूरदर्शिताको अभाव

इस्लामाबाद, १६ माघ (रासस/एएनआई)।

पाकिस्तानी कार्यबाहक प्रधानमन्त्री अन्वर उल हक काकरले आम चुनावका लागि राजनीतिक दलहरूले जारी गरेको घोषणापत्रमा असन्तुष्टि व्यक्त गर्नु भएको छ। सोमबार राजनीतिक पार्टीले आफ्ना घोषणापत्रमार्फत अर्थतन्त्रको लागि उच्च तथा दिगो योजना प्रस्तुत नगरेको उहाँले बताउनुभएको हो। प्रधानमन्त्री काकरले आम चुनावमा भइरहेको ढिलाइलाई औचित्य प्रमाणित गर्ने कुनै कारण नभएको आश्वासन दिनुभएको छ।

उहाँले अन्तर्वार्तामा राजनीतिक दलका उम्मेद्वारले प्रचार गरिरहेको तथा आम चुनावमा ढिलाइका बारेमा फैलिएका अफवाह फेब्रुअरी ८ गते साँझ समाप्त हुने बताउनुभएको छ।

प्रधानमन्त्री काकरले दलले अर्थतन्त्र सुधारमा ध्यान केन्द्रित गर्नुपर्ने कुरामा जोड दिँदै कुनै पनि राजनीतिक पार्टीले दीर्घकालीन आर्थिक समस्या समाधान गर्न प्रभावकारी एजेन्डा नल्याएको उल्लेख गर्नुभयो। रोजगार, आश्रय, सुलभ बिजुली र खाद्य सुरक्षालगाएतका विषयमा राजनीतिक दलले आफ्नो अभियानमा गरेका दाबी स्थिर अर्थतन्त्रमा आकस्मिक रहेको उहाँको धारणा छ।

उहाँका अनुसार राजनीतिक दलले राजस्व उत्पादन र करको क्षेत्र विस्तार गर्ने योजना बनाउनु आवश्यक रहेको छ। स्क्यान्डिनेभियाली देशमा ९१ प्रतिशत कर-जीडीपी अनुपातको उदाहरण दिँदै पाकिस्तानी करको जीडिपीमा अनुदान अनुपात नौ प्रतिशत मात्र रहेको काकरको दाबी छ।

निर्वाचन अघि वा पछि भएको धाँधलीका बारेमा उहाँले संसद्ले विगतबाट पाठ सिकी निर्वाचन सम्बन्धी कानूनमा भएका त्रुटिहरूलाई सम्बोधन गर्नुपर्ने बताउनु भएको छ।

उहाँले पर्यवेक्षकले अनुगमन गर्ने,स्थानीय र अन्तरराष्ट्रिय सञ्चारमाध्यमले गतिविधिको बारेमा रिपोर्ट गर्ने, मापदण्ड अनुसार चुनाव स्वतन्त्र र निष्पक्ष हुने आश्वासन दिलाउनुभयो।

मतदानको समय फेब्रुअरी ८ गते ९ बजेदेखि साँझ ५ बजेसम्म हुनेछ। सबैले मतदान गरी आफ्नो संवैधानिक अधिकार प्रयोग गर्न प्रधानमन्त्रीको आग्रह छ। यसैबीच पाकिस्तानले सङ्घीय मन्त्रीहरू तथा सरकारी अधिकारीलाई चुनाव नभएसम्म विदेश यात्रा गर्न प्रतिबन्ध लगाएको छ।

# शासक वर्गको उपेक्षा र विभेदकारी नीतिले मधेश पछि पर्‍यो : उपेन्द्र यादव




**दैनिक समाचारदाता जनकपुरधाम, १६ माघ ।**
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले शासक वर्गको उपेक्षा र विभेदकारी नीतिले गर्दा मधेश पछि परेको आरोप लगाएका छन् ।

जसपा नेपालको भातृ संगठन समाजवादी महिला संघको मधेश प्रदेश समितिले मंगलबार जनकपुरधाममा आयोजना गरेको दुई दिवसीय प्रशिक्षणको उद्घाटन गर्दै अध्यक्ष यादवले शासक वर्गको मधेशप्रतिको विभेदकारी नीतिकै कारण मधेशको शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, रोजगार जस्ता क्षेत्र विकास हुन नसकेको टिप्पणी गरे ।

मधेशी जनताले विभेदकारी राज्य सत्ताको रवैयाविरुद्ध गरेको जनविद्रोहकै बलमा मुलुकमा संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको जिकिर गर्दै उनले राज्यको केन्द्रीकृत मानसिकता बोकेका शासक वर्गको मधेशप्रतिको हीन चरित्रअझै सुध्रिन नसकेको उल्लेख गरे ।

'समथल भूभाग, उर्बरभूमि जस्ता विकासका आधारभूत तत्वहरु मधेशमा भएपनि सबै क्षेत्रमा मधेश पछि पर्नुको एक मात्र कारण बिगतका गलत नीति, योजना र बिभेदकारी शासन प्रणाली नै हो'- अध्यक्ष यादवले भने, 'तर मुलुक संघिय शासन प्रणालीमा गएपनिउपेक्षितएवं शोषित सीमान्तकृत वर्ग माथिको विभेद अझै उन्मूलन हुन सकेन ।'

मधेस सरकारलाई दिने बजेट लगायतको सेवा सुबिधामा समेत विभेद भैरहेको उल्लेख गर्दै अध्यक्ष यादवले उत्पीडित जनता र समुदाय माथिको विभेद अन्त्य नभएसम्म मधेस विकास निर्माणमा फड्को मार्न नसक्ने बताए ।

समाजवादी महिला संघका प्रदेश अध्यक्ष एवं प्रदेश सभा सदस्य संजिला यादवको अध्यक्षतामा भएको उक्त उद्घाटन सत्रमा जसपा राजनीतिक समिति सदस्य एवं समाजवादी महिला संघका केन्द्रिय अध्यक्ष निर्मला यादव, राजनीतिक समिति सदस्य संघीय सांसद रेखा यादव, मधेस सरकारका अर्थमन्त्री सञ्जय यादव, महिला बालबालिका मन्त्री सुरिता साह सहितका बक्ताहरुले शुभकामना मन्तव्य राखेका थिए ।

बुधबारसम्म चल्ने प्रशिक्षणमा मधेश प्रदेशका आठ वटै जिल्लाबाट करिब एक सय बढी महिला नेत्रीहरुको सहभागिता रहेको छ ।

## *प्रेस स्वतन्त्रता ...*

मानव अधिकार स्मृति पुरस्कार २०७१ त्था गोपाल गोतामे स्वर्ण पदक जस्ता मानपदवीबाट सम्मानित झाको मनोनयनले प्रभावकारी न्याय सम्पादनमा थप मद्दत पूग्ने विश्वास गरिएको छ ।

दुई वर्षे कार्यकाल रहने समितिको अध्यक्षमा मुख्य न्ययाधिश तथा सदस्यहरुमा सम्बन्धित जिल्लाका प्रशासन प्रमुख, सरकारी बकिल कार्यालय प्रमुख, प्रहरी प्रमुख, बार एशोसिएसनका अध्यक्ष तथा नागरिक समाजका प्रतिनिधी रहने व्यवस्था छ ।

## *कर्मचारी सहिदको ...*

मंगलबार बिहान जिल्ला समन्वय समिती सप्तरीको कार्यालय परिसरमा स्थापना गरिएको उनको शालिकमा जिल्ला समन्वय समितीका प्रमुख शिव नारायण साह, पुर्व प्रमुख प्रभाकर यादव, छिन्नमस्त गाउँपालिकाका अध्यक्ष बिद्यानन्द चौधरी, राजबिराज नगरपालिकाका पूर्वमेयर शम्भुप्रसाद यादव, कर्मचारीहरु, बिभिन्न दलका नेता लगायतले माल्यार्पण गरी श्रद्धाञ्जली अर्पण गरेका थिए ।

यस्तै सप्तरीको तिलाठी कोइलाडी गाउपालिका ८ स्थित तोपा बजारमा उनको स्मृती एवं सम्मानमा निर्माण गरिएको शालिकमा समेत माल्यार्पण गरिएको हो ।

वि.स.२०१७ सालमा तिलाठी कोइलाडी गाउँपालिका ८ बभनगामाकट्टीमा जन्मेका यादवलाई २०६४ साल कार्तिक १२ गते साँझ कार्यालयको काम सकेर मोटरसाईकल चढी घर फर्किँद गर्दा राजबिराज-हनुमाननगर सडक खण्ड अर्न्तगतको खाँडो पुल नजिकै अपराधिक समुहले गोली हानी हत्या गरेका थिए ।

उनी तत्कालिन जिल्ला बिकास समिती सप्तरीको नायब सुब्बा पदमा कार्यरत थिए । स्थानीयतह कर्मचारी संघ सप्तरीको पहिलो जिल्ला अध्यक्ष समेत रहेका उनको हत्या पश्चात् कर्मचारीहरुको आन्दोलन तथा उक्त आन्दोलनमा पेशागत संगठन, राजनितीक दल र नागरिक समाजको समेत सहभागिता बढ्दै गएपछी २०६४ साल कार्तिक १७ गते बसेको मन्त्री परिषदको बैठकले स्व.यादवलाई कर्मचारी शहिद घोषणा गरेको थियो ।

# भ्रष्टाचार सूचकाङ्कमा नेपालको सुधार

काठमाडौं, १६ माघ (रासस) ।
ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको भ्रष्टाचार अनुभूति सूचकाङ्क (करप्सन पर्सेप्सन इन्डेक्स) मा नेपालले गत वर्षको भन्दा केही सुधार गर्दै ३५ अङ्कसहित एक सय आठौं स्थानमा देखिएको छ ।

नेपालले भ्रष्टाचार सूचकाङ्कमा गत वर्षको भन्दा एक अङ्क सुधार गरेको छ । गत वर्ष अर्थात् सन् २०२२ मा नेपाल ३४ अङ्कसहित एक सय १०औं स्थानमा थियो । त्यस्तै, सन् २०२१ मा ३३ अङ्कसहित एक सय १७औं स्थानमा थियो ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले विश्वका एक सय ८० मुलुकको भ्रष्टाचारको अवस्था विश्लेषण गरेकामा कम भ्रष्टाचार हुने मुलुकमा ९० अङ्कसहित डेनमार्क पहिलो स्थानमा छ । त्यस्तै, कम भ्रष्टाचार हुने मुलुकमा फिनल्यान्ड दोस्रो, न्यूजिल्यान्ड तेस्रो, नर्वे चौथो र सिङ्गापुर पाँचौं स्थानमा छन् । त्यसपछि क्रमशः स्वीडेन, स्विजरल्यान्ड, नेदरल्यान्ड, जर्मनी र लग्जेम्बर्ग छन् ।

उक्त सूचीमा सोमालिया ११ अङ्कसहित एक सय ८०औं स्थानमा छ । त्यस्तै भेनेजुयला, सिरिया, दक्षिण सुडान, यमनलगायत मुलुकहरू बढी भ्रष्टाचार हुने मुलुकको सूचीमा छन् । नेपालका दुई छिमेकी मुलुकमध्ये भारत ३९ अङ्कसहित ९३औं स्थानमा र चीन ४२ अङ्कसहित ७६औं स्थानमा छन् ।

ट्रान्सपरेन्सी इन्टरनेसनको भ्रष्टाचार अनुभूति सूचकाङ्कले सम्बन्धित देशको सार्वजनिक क्षेत्र कति भ्रष्ट छ भन्ने कुरा देखाउँछ । यो सूचकाङ्क तयार पार्नका लागि विश्व बैङ्क, वर्ल्ड इकोनोमिक फोरमलगायत विभिन्न संस्थाबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरिएको जनाइएको छ । जसमा विभिन्न १३ प्रकारका सर्वेक्षण तथा जाँच गरिएको ट्रान्सपरेन्सी इन्टरनेसनलले उल्लेख गरेको छ ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*